
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १० गते सोमबार ❑ 22 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सत्ता गठबन्धनलाई दिगो र परिणाममुखी बनाउने एमाले परिषद् बैठकको निष्कर्ष

**रासस**
काठमाडौं, ९ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को महाधिवेशन प्रतिनिधिपरिषद्को प्रथम बैठकले वर्तमान सत्ता समीकरणलाई दिगो, परिणाममुखी र सफल बनाउने सङ्कल्प गरेको छ ।

बैठकको दोस्रो दिन सोमबार विभिन्न प्रतिवेदनमाथि समूहगत छलफलपछि तयार गरिएको निष्कर्षमा मुलुकमा स्थिरता र राष्ट्रियताको संवर्द्धनका लागि सत्ता समीकरणलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै यसका विरुद्ध हुने कुनै पनि चलखेल र षड्यन्त्र चिर्न आह्वान गरेको बैठकपछि सो पार्टीका उपमहासचिव विष्णु रिमालले जानकारी दिनुभयो । उहाँले गत फागुन २१ गते निर्मित यस गठबन्धनप्रति सन्तोष व्यक्त गर्दै गठबन्धनमा संलग्न पाँच दलले जारी गरेको साझा न्यूनतम् कार्यक्रमलाई अघि बढाउन जोड दिएको बताउनुभयो ।

बैठकले १५ बुँदे समसामयिक प्रस्ताव पारित गरेको छ । लतिलपुरको गोदावारीस्थित सनराइज हलमा जारी बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक, महासचिव शङ्कर पोखरेलको साङ्गठनिक प्रतिवेदन र केन्द्रीय निकायका प्रतिवेदनमाथि छलफल भएको थियो । यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) को महाधिवेशन प्रतिनिधि परिषद्को प्रथम बैठकले पार्टीको सङ्गठन सुदृढीकरण तथा शुद्धीकरण अभियान सञ्चालन गर्ने प्रस्ताव पारित गरेको छ ।

बैठकले २०८१ साललाई पार्टीको सङ्गठन सुदृढीकरण तथा शुद्धीकरण अभियान वर्षका रूपमा मनाउने पस्ताव पारित गरेको हो । ललितपुरको गोदावारीस्थित सनराइजहलमा सम्पन्न भएको बैठकले यस वर्षलाई पार्टीले सङ्गठन सुदृढीकरण तथा शुद्धीकरण अभियान सञ्चालन गर्ने कार्ययोजना पारित गरेको एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताउनुभयो ।

उहाँले हिजो प्रस्तुत गरिएका प्रतिवेदनहरूमाथि आइतबार छवटा समूहमा छलफल गरेर निष्कर्ष निकाल्दै टोली नेताहरूले प्रस्तुतीकरण गर्नुभएको सुनाउनुभयो । टोली नेताले दिएको सुझावलाई समेट्ने गरी ती प्रतिवेदनलाई पारित गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार समूह नं १ बाट केन्द्रीय सदस्य मोहनमाया ढकाल, समूह नं २ सुदूरपश्चिम प्रदेशका अध्यक्ष कृष्णप्रसाद जैसी, समूह नं ३ बाट पोलिटब्यूरो सदस्य ठाकुर गैरे, समूह नं ४ बाट केन्द्रीय सदस्य शान्ति पाखिन, समूह नं ५ बाट केन्द्रीय सदस्य ऋषिकेश पोखरेल र समूह नं ६ बाट सम्पर्क समन्वय कमिटीका संयोजक श्याम बस्नेतले समूहगत रूपमा आएका निष्कर्षलाई प्रस्तुतीकरण गर्नुभएको थियो ।

समूह नं १ का टोली नेता ढकालले आधारभूत वर्गका पार्टी सदस्यता शुल्क घटाउनुपर्ने, निर्वाचन प्रणालीको सुधार गर्नुपर्ने, समूह नं २ का टोलीनेता जैसीले पार्टीमा प्यानलगत र गुटबन्दी गर्न नहुने तथा पार्टीका अधिवेशनका लागि चयन हुने प्रतिनिधि तल्लो तहबाट निर्वाचित भएर आउनुपर्ने सुझाव दिनुभयो । समूह नं ५ का टोलीनेता पोखरेलले पार्टीका सबै नेता तथा कार्यकर्ताको आयव्यय सार्वजनिक गर्नुपर्ने तथा मितव्ययी बन्नुपर्ने सुझाव दिनुभयो । शनिबार केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदन, महासचिव शङ्कर पोखरेलको साङ्गठनिक प्रतिवेदन र केन्द्रीय निकायका प्रतिवेदनमाथि छलफल सुरु भएको थियो ।

परिषद् बैठकमा केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष डा पुष्पराज कँडेल, केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहराले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसैगरी, बैठकमा उपमहासचिव विष्णु रिमालले १३ वटा समसामयिक राजनीतिक प्रस्ताव पारित गरिएको सभाहलमा प्रस्तुत गर्नुभएको एमालेका प्रचार विभाग प्रमुख गौतमले बताउनुभयो । हिजोदेखि सुरु भएको बैठकमा दुई हजार चार सय ५४ प्रतिनिधि सहभागी थिए ।

## गण्डकीमा आगामी बर्ष लगानी सम्मेलन : मन्त्री चुमान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख



गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री हरी बहादुर चुमानल पुजिगत खर्चको बढाउन सरकारको बिषेश ध्यान जाने बताउनु भएको छ ।

मन्त्रालयको पदभार ग्रहण गर्दे मन्त्री चुमानले उहाँले बिगत देखि नै प्रदेश सरकारले खर्चदर बृद्धि गर्ने कुरा गर्दे आएको र यो पटक कार्यान्वयन गर्न लागि पर्ने उल्लेख गर्नुभयो । आगामी बर्ष लगानी सम्मेलन गर्ने पहिलो निणर्य गर्दे मन्त्री चुमानले लगानी सम्मेलन अध्ययन कार्यदल समेत गठन गर्ने र्निणय गर्नुभएको छ । आर्थिक मन्त्रालयको सचिवको नेतृत्वमा ७ सदस्यीए कार्यदल गठन गरिएको हो । नयाँ सरकारले प्रदेशको नितिगत समस्या समाधान, प्रदेश प्रति थप सचेतना तथा औधोगिक पुर्बाधारको बिकास, आर्थिक स्रोतबृद्धीका लागि आबस्यक कदम चाल्ने उहाँको भनाई थियो । पदभार ग्रहण लगत्तै कर्मचारीहरुलाई बिषे र्निदेशन दिदै उहाँले समान्य प्राबिधिक कमजोरीलाई टेकेर रातो कितावका योजना समेत कार्यान्वयनमा देखिएका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो । बजेट खर्च गर्ने परिपाटीमा पनि आगामी आर्थिक बर्षमा सुधार गरेर लैजाने उहाँको भनाई थियो । ईन्भेष्ट गण्डकी मा पर्यटनलाई प्राथमिकतामा राखिएको छ ।

त्यसैगरी औधोगिक पुर्बाधार जलबिद्युत लाई समेटेर एक अबधारण पत्र तयार गरि अगाडी बढीने मन्त्रालयले तयारी सुरु गर्ने ब्यबस्था मिलाइएको बताइएको छ । लगानी सम्मेलन संगै आगामी पन्चबर्षिय योजनालाई त्यसकै आधारमा प्रभावकारी बनाउने सरकारको तयारी रहेको छ ।

## सगरमाथाको फेदमा अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

सरकारले अन्तर्राष्ट्रिय सगरमाथा दिवस सर्वोच्च शिखर सगरमाथाको फेदमा मनाउने भएको छ ।

आगामी जेठ १६ गते १७ औँ अन्तर्राष्ट्रिय सगरमाथा दिवस सगरमाथा क्षेत्रमै मनाउने तयारी भइरहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमनत्री हितबहादुर तामाङ्ले जानकारी दिनुभयो । मन्त्रालयमा आज सञ्चारकर्मीसँगको अन्तरक्रियामा उहाँले यो वर्ष सगरमाथाको फेदमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउन लागिएको बताउनुभयो । पर्यटनमन्त्री तामाङ्ले भन्नुभयो, "हामीले यो पटक प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा सगरमाथाकै फेदीमा गएर अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउने सोच अनुरुप आवश्यक तयारीमा जुटिरहेका छौँ ।" यद्यपि, सगरमाथाको कुन क्षेत्रमा दिवसको कार्यक्रम गरिने भन्ने अहिले यकिन भइनसकेको मन्त्रालयले जनाएको छ । दिवसलाई भव्य रूपमा सफल पार्न पर्यटनमन्त्री तामाङको संयोजकत्वमा मूल समारोह समिति गठन भएको छ । उक्त समितिमा सातै प्रदेशका पर्यटनमन्त्री र सचिव रहेका छन् । समितिको पहिलो बैठकले दिवसको तयारीबारे प्रारम्भिक छलफल गरेको मन्त्री तामाङ्ले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कस्केली अधिकृत समाजद्वारा डहरे देउराली, अन्धाअन्धी दहको पर्यटन प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख



कस्केली अधिकृत समाजले स्याङ्जा र पर्वत जिल्लाका सीमा क्षेत्रमा पर्ने डहरे देउराली, अन्धाअन्धी दह लगायतका धार्मिक पर्यटकीय स्थलको पर्यटन प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको छ ।


समाजको वार्षिक कार्यक्रम अनुसार प्रत्येक वर्ष पोखरा र आसपासका धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिदै आएकोमा यस वर्ष डहरे देउराली, अन्धाअन्धी दह लगायतका स्थानलाई समेटिएको हो । डहरे देउराली र अन्धाअन्धी दह धार्मिक आस्था एवम् विश्वासका कारण पनि प्राचीन कालदेखि चर्चामा आएका तीर्थस्थल हुन् । समुद्र सतहदेखि दुई हजार दुई सय ५० मिटर उचाईमा रहेको डहरे देउराली प्राचीन धर्मग्रन्थमा पनि उल्लेख भएको तीर्थस्थल हो । अठार पुराणमध्येको स्कन्द पुराणमा नीलगिरि पर्वत, सिद्धेश्वर महादेव र कालीशक्ति डहरेको नाम उल्लेख भएको श्री मोक्षद्वारी बाल सिद्ध योगाश्रममा पीठाधिश पशुपत्यानन्द गिरीजी महाराजले जानकारी दिनुभयो । उहाँका अनुसार परापूर्वकालमा यहाँ डगरा नाम गरेका ऋषिले तपस्या गर्नुभएको उल्लेख छ । डगरा ऋषिले तपस्या गरेको स्थान भएकाले यसको अपभ्रंश भई डहरे हुन गएको यहाँका स्थानीयवासी बताउँछन् । विसं १९९७ मा तत्कालीन पर्वतको लुङ्खुका षडानन्द अधिकारी (बालब्रह्मचारी) पहराभित्र बसेर तपस्या गर्नुभएको थियो । विशेषगरी नवदुर्गा, शिवरात्रि, बाला चतुर्दशीजस्ता चाडपर्वसहित हरेक मङ्गलबार र शनिबारका दिन यहाँ ठूलो संख्यामा दर्शनार्थी आउने गर्दछन् । अग्लो स्थानमा अवस्थित भएकोले यहाँबाट स्याङ्जाका अधिकांश भाग सहित पर्यटन राजधानी पोखरा र आसपासका कुस्मा, बाग्लुङलगायत जिल्लाका बजार, हिमशृंखलाहरु, सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य नाङ्गो आँखाले देख्न सकिन्छ । पर्यटन प्रवर्द्धनकै क्रममा आँधिखोला गाउँपालिका वडा नं २ मा पर्ने अन्धाअन्धी दहको पनि प्रवर्द्धनात्मक भ्रमण गरिएको थियो । अन्धाअन्धी दह श्रवणकुमारको ऐतिहासिक कथासँग सम्बन्धित छ ।

किंवदन्ती अनुसार आफ्ना दृष्टिविहिन बाबाआमालाई खर्पनमा बोकेर तीर्थाटन गराउन हिडेका क्रममा बाबाआमालाई तिर्खा लागेछ । नजिकै पानी नपाएपछि एउटा गुफामा राखेर पानी खोज्न जाँदा तलाउमा पानी भर्ने क्रममा राजा दशरथको वाण लागेर श्रवणकुमारको मृत्यु भएछ । आफ्ना छोराको मृत्युको वियोगले रोएका तिनै बाबाआमाको आँखाबाट सो दह बनेको विश्वास गरिने स्थानीय समाजसेवी लेखनाथ पौडेलले जानकारी दिनुभयो । उक्त दहलाई आँधिखोलाको मुहानका रुपमा लिने् गरिएको छ । दुईतर्फ कडा चट्टानसहितको पहाडको बीचमा रहेको दह, ओडारभित्र रहेको श्रवणकुमारका बाबाआमाको मूर्ति आदि यहाँका आकर्षण हुन् । यस ठाउँमा विशेषतः बालाचतुर्दशीका बेला ठूलो मेला लाग्ने पौडेलले जानकारी दिनुभयो । डहरे देउराली, अन्धाअन्धी दह लगायत यहाँ आसपासका धेरै पर्यटकीय गन्तव्य प्रवर्द्धनको पर्खाइमा रहेको साविक कार्किनेटा गा.वि.स.वडा नं १ साहुथर निवासी समाजसेवी घनश्याम शर्मा पौडेल बताउनुहुन्छ । "नेपालका बाइसे चौबीसे राजाको समयमा पर्वते राजाको दरबारका अवशेष यहाँस्थित ठूली भीरको शीरमा अहिले पनि देख्न सकिन्छ", उहाँले भन्नुभयो, "यहाँ आसपासका बाघपाइला, किराको खोर, ठूली भीर आदिको प्रवर्द्धन गरी पर्यटनसँग जोड् सकिने धेरै सम्भावना रहेका छन् । "

यसैबीच डहरे देउरालीमा आयोजित कार्यक्रममा समाजले प्रकाशन गरेको नयाँ वर्ष २०८१ को क्यालेन्डर लोकार्पण गरिएको थियो । समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदी, कार्यक्रमका प्रमुख अतिथि फलेवास नगरपालिकाका प्रमुख गंगाधर तिवारी, समाजका सल्लाहकारहरू दुर्गाबहादुर शाह(बाबा), देबेन्द्र केसी, भगवान पन्त, विश्वनाथ पराजुली, प्रेमप्रकाश गौतम, श्री मोक्षद्वारी बाल सिद्ध योगाश्रमकापीठाधिशपशुपत्यानन्द गिरीजी महाराज, अध्यक्ष दीपक श्रेष्ठ, समाजसेवी घनश्याम शर्मा पौडेल लगायतले सामुहिक रुपमा क्यालेन्डर लोकार्पण गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख गंगाधर तिवारीले कस्केली अधिकृत समाजले उच्च प्राथमिकताका साथ यस क्षेत्रको पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरेको भन्दै आभार

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'इतिहास शक्ति र सत्तामा रहेकाको मात्रै लेखिनुपर्छ भन्ने छैन्'

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

नेपाल आदिवासी जनजाति पत्रकार महासघं (फोनिज) का संघीय सल्लाहकार हुम तमुले इतिहास, दस्तावेज तथा सत्यतथ्यको आधारमा इतिहास लेखिनुपर्ने बताएका छन् ।

फोनिज गण्डकी तथा कास्की शाखाले पोखरामा आईतबार संयुक्त रुपमा आयोजना गरेको फोनिज संवाद कार्यक्रममा उनले इतिहास शक्ति र सत्तामा रहेकाको मात्रै नलेखिने बताएका हुन् । नेपाल पत्रकार महासंघको ७३ औं स्थापना दिवस र सत्यनारायण बहादुर श्रेष्ठको योगदान सन्दर्भमा आयोजित फोनिज संवाद कार्यक्रममा उनले कार्यक्रममा संस्थापक अध्यक्ष को हुन् भन्ने विषयमा बहस र संवादमार्फत् टुंगो लगाउनुपर्नेमा जोड दिए । सत्य र इतिहास लुकाएर नलुक्ने उनको भनाई थियो । 'सत्यनारायण बहादुर श्रेष्ठको विषयमा कुरा उठिरहँदा अन्य अग्रज व्यक्तित्वको अपमान भने गर्नु भएन,' उनले भने, 'तर, सत्यतथ्यका आधारमा संस्थापक अध्यक्षको विषय टुंग्याउनुपर्छ ।'

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सिना पंगेनीले पत्रकार महासंघको महाधिवेशनले संस्थापकको विषय टुंगोमा पुऱ्याउन भूमिका खेल्ने बताइन् । यसका लागि फोनिजका सदस्यहरु चनाखो हुनुपर्नेमा उनको जोड थियो । यसका लागि आफूले सहयोग गर्ने उनले प्रतिवद्धता जनाइन् । उनले रहेक मिडिया हाउसमा जातीय समावेशिता हुनुपर्नेमा जोड दिएकी थिइन् । फोनिज गण्डकीका ईन्चार्ज एमबी आस्था मगरले सत्यनारायण बहादुर श्रेष्ठ नै पत्रकार महासंघको संस्थापक अध्यक्ष हुन् भन्ने प्रमाण फोनिजको संघीय तहमा प्रमाण सुरक्षित रहेको बताए । सोही प्रमाणका आधारमा महासंघको केन्द्रीय तहले पनि आगामी वर्ष ७४ औं स्थापना दिवस मनाउने वातावरण तयार गर्नुपर्नेमा उनको जोड थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले संस्थापक अध्यक्ष को हुन् भन्ने विषयमा भइरहेको विवादलाई सत्य र तथ्यको आधारमा छिटोभन्दा छिटो टुंगोमा पुऱ्याउनुपर्नेमा उनको जोड थियो । उनले भने, 'नेपाल पत्रकार महासंघको ७४ औं स्थापना दिवस विवारहित तरिकाले मनाउने गरी समस्याको समाधान गर्नुपर्छ ।' नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले अहिले पत्रकार खुलेर लेख्न तथा बोल्न सक्ने वातावरण हुनुमा सत्यनारायण बहादुर श्रेष्ठ तथा कृष्णप्रसाद भट्टराई दुवैको भूमिका उत्तिकै महत्वपूर्ण रहेको बताइन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंगले उठाइरहेको संस्थापक अध्यक्षको विषयमा केन्द्रीय तहबाटै पहल हुनुपर्ने उनको जोड थियो ।



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रुद्र श्रीसमगरको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल प्रेस चौतारी केन्द्रीय अनुशासन आयोगका उपाध्यक्ष श्याम कुँवर, नेपाल आदिवासी जनजाति महासंघ गण्डकी प्रदेश समन्वय समितिका मुख्य सचिव सुजन लामा लगायतले संस्थापक अध्यक्षको विषयमा प्रमाणसहित सत्यतामा रहेर बहस र संवाद अघि बढाउनुपर्ने बताएका थिए ।

कार्यक्रममा फोनिज कास्कीका अध्यक्ष दिलप्रसाद गुरुङले स्वागत गरेका थिए भने फोनिज गण्डकीका महासचिव धनबहादुर गुरुङ 'सुमन' कार्यक्रम सञ्चालनले गरेका थिए ।

# सगरमाथाको ...

जानकारी दिनुभयो । दिवस तयारी उपसमितिले काम गरिरहेको छ । नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालका अनुसार सगरमाथाको आधार शिविरमा सगरमाथा दिवस मनाउने गरी छलफल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय सगरमाथा दिवस यसपटक सगरमाथाको आधार शिविरमा मनाउनेकि भन्ने छलफल भइरहेको छ, बढी खर्चिलो हुने हुनाले आधार शिविरमै हुन्छ की अन्यत्रै भन्ने यकिन टुङ्गो लागेको छैन ।" विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपटक सफल आरोहण भएको आज ७१ वर्ष पुगेको अवसरमा विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो । सन् १९५३ मे २९ तारिखका दिन तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले पहिलोपटक सगरमाथामा आफ्नो पाइला राखेका थिए ।

सोही आरोहणलाई स्मरण गर्दै सन् २००८ देखि सगरमाथा दिवस मनाउन थालिएको हो । नेपाल पर्वतारोहण सङ्घको आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पर्यटनसँग आबद्ध संस्थाहरूको समन्वयमा कार्यक्रम गरिनेछ । पर्यटन विभागको तथ्याङ्कअनुसार अहिलेसम्म आठ हजार हाराहारीले सगरमाथा आरोहण गरिसकेका छन् । विश्वका १४ अग्ला हिमालमध्ये विश्वको सर्वोच्च हिमाल सगरमाथासहित आठ वटा हिमाल नेपालमा रहेका छन् ।

# मुग्लिन-पोखरा सडक विस्तार : पूर्वी खण्डको म्याद सकियो

पोखरापत्र संवाददाता
दमौली, ९ बैशाख

मुग्लिन-पोखरा सडक विस्तार आयोजना अन्तर्गत पूर्वी खण्डको सम्झौता म्याद सकिएको छ ।

२०८१ साल वैशाख २ गते सम्झौता म्याद सकिएपछि म्याद थपको प्रक्रिया अघि बढाइएको छ । कोभिडका समयमा निर्माणकार्य स्थगित गर्नुपरेकाले नेपाल सरकारबाट छ महिना म्याद थप गर्न लागिएको आयोजना पूर्वी खण्डका इञ्जिनीयर विष्णु पाण्डेले जानकारी दिनुभयो ।

विसं २०७८ वैशाख महिनादेखि निर्माण सुरु गरिएको थियो । कोरोनाका कारण काम गर्न नपाएका योजनाका म्याद थप गर्ने मन्त्रिपरिषद्को निर्णयअनुरुप म्याद थप्न लागेको उहाँले बताउनुभयो । उक्त खण्डमा हालसम्म १८ किमी चार लेन र नौ किमि दुई लेन सडक कालोपत्र भएको छ । उहाँका अनुसार हालसम्म पूर्वी खण्डमा ५६ प्रतिशत कार्य प्रगति भएको छ । पूर्वी खण्डको अन्तिम विन्दु तनहुँको म्याग्दे जामुनेदेखि दमौलीतर्फ कालोपत्र अघि बढाइएको छ । अहिले कालोपत्र कार्यलाई प्राथामिकता दिँदै आवश्यक स्थानमा पहाड काट्ने काम भइरहेको आयोजनाले जनाएको छ । आयोजना पूरै सम्पन्न गर्न एक वर्ष अवधि थप गर्नुपर्ने आयोजना पूर्वी खण्डका प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल सरकार, लगानीकर्ता र कन्ट्र्याक्टबीच त्रिपक्षीय छलफल भइरहेको छ । पूर्वी खण्डमा ४१ दशमलव ७ किलोमिटर दूरी रहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको थियो । उक्त खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो । त्यसैगरी पश्चिम खण्डमा दुई लेनको सात किमि सडक कालोपत्र भइसकेको छ । वर्षाअघि कल्भर्ट र नाला निर्माण कार्यलाई तीव्रता दिइएको पश्चिम खण्डका इञ्जीनीयर नारायण पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त खण्डमा भौतिक प्रगति २० प्रतिशत पुगेको छ । पश्चिम खण्ड अन्तर्गत जिल्लाको जामुनेदेखि पोखराको सेतीपुलसम्म ३८ दशमलव ८८ किलोमिटर दुरी रहेको छ । उक्त खण्डको ठेक्का चीनको यनहुई काइयुन हाइवे एन्डब्रिज कम्पनीले पाएको थियो । यस खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ भदौबाट काम सुरु भएको यस खण्डको काम २०८१ भदौ १२ मा सम्पन्न गर्नुपर्ने सम्झौता छ ।

# कास्केली ...

व्यक्त गर्नुभयो । गुरुयोजना सहित डहरे देउरालीको प्रवर्द्धन र विकास गर्ने योजनाका साथ आँफूहरू लागेको बताउनुभयो । समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले पोखरा पर्यटन राजधानी घोषणा भैसकेका अवस्थामा आसपासका गन्तव्यको प्रवर्द्धन जरुरी रहेको आवश्यकतालाई दृष्टिगत गर्दै कार्यक्रम आयोजना गरिएको बताउनुभयो । श्री मोक्षद्वारी बाल सिद्ध योगाश्रम डहरे देउरालीका पीठाधिश पशुपत्यानन्द गिरीजी महाराजले यहाँको शक्तिपीठको अद्भुत शक्ति रहेको बताउनुभयो । श्री मोक्षाद्वारी बाल सिद्ध योगाश्रम समितिका अध्यक्ष दीपक श्रेष्ठले यहाँको धर्मिक पर्यटकीय विकासका लागि समिति सकृयताका साथ लागेको जानकारी गराउनुभयो । समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीको अध्यक्षता एवम् सचिव महेश पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा समाजका सल्लाहकार दुर्गाबहादुर शाह(बाबा), पर्यटन प्रवर्द्धन कार्यक्रम संयोजक वासुदेव पौडेल लगायतले बोल्नुभएको थियो भने पर्यटन प्रवर्द्धन कार्यक्रम सदस्य वसन्त चालिसेले कविता वाचन गर्नुभएको थियो । प्रवर्द्धनात्मक भ्रमणलाई लक्षित गरी कार्यसमिति सदस्य वासुदेव पौडेलको संयोजकत्वमा वसन्त चालिसे, चन्द्रवती अधिकारी, सन्तोष ढुङ्गाना र सुमित्रा उदाश(मल्ल) सदस्य रहनुभएको उपसमिति गठन गरिएको थियो भने नयाँ वर्ष २०८१ को क्यालेन्डर प्रकाशनका लागि समाजका सचिव महेश पौडेलको संयोजकत्वमा विष्णुप्रसाद पोखरेल र वासुदेव पौडेल सदस्य रहनुभएको उपसमिति गठन गरिएको थियो । कार्यक्रमकै अवसरमा डहरे क्षेत्रको धार्मिक पर्यटकीय विकासका लागि समाजका तर्फबाट र सदस्यहरूको स्वतस्फूर्त सहयोग स्वरुप संकलित २५ हजार ५५० रुपैयाँ श्री मोक्षद्वारी बाल सिद्ध योगाश्रम डहरे देउरालीका अध्यक्ष दीपक श्रेष्ठलाई हस्तान्तरण गरिएको थियो ।

# पोखरामा 'फुटबल रेफ्री प्रशिक्षण'

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

राष्ट्रियस्तरका दक्ष फुटबल रेफ्री उत्पादनको लक्ष्यसहित पोखरामा आइतबारदेखि 'फुटबल रेफ्री प्रशिक्षण' सुरुआत भएको छ ।

गण्डकी प्रदेश फुटबल सङ्घले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) सँगको सहकार्यमा सो प्रशिक्षण आयोजना गरेको हो । 'क्याटोगरी-४' अन्तर्गतको फुटबल रेफ्री प्रशिक्षण हो । प्रशिक्षण यही वैशाख १५ गतेसम्म सञ्चालन हुनेछ । सो तहको प्रशिक्षणमा आधारभुततहको फुटबल रेफ्री प्रशिक्षण दिइनेछ । प्रशिक्षणमा दुई महिला र ३४ पुरुष गरी ३६ जनाको सहभागिता रहेको छ । सहभागीलाई सिनियर फुटबल रेफ्री श्रीराम राजशिखाकर, शैलेस जोशी, सचिन अमात्यलगायतले प्रशिक्षण दिनुहुने गण्डकी प्रदेश फुटबल सङ्घका महासचिव विनोद गुरुङले जानकारी दिनुभयो । फुटबलसम्बन्धी आधारभूत सीप र प्रविधिको विकास तथा रेफ्रीहरूलाई व्यावहारिक र सैद्धान्तिक ज्ञानका साथै खेल मैदानभित्र र बाहिर कसरी प्रस्तुत हुने भन्ने बारेमा तालिम प्रदान गरिने आयोजकले जनाएको छ । प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले आफ्नो क्षमतालाई खेल मैदानमा प्रस्तुत गरी फुटबल खेल विकासमा लागि अघि बढ्न सहभागीहरूलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "रेफ्री हुन सजिलो विषय होइन । रेफ्रीमा फिजिकल्ली फिट, निर्णय क्षमतामा उत्कृष्टता र अध्ययन आवश्यक छ । राज्यले समय समयमा लिने नीति र निर्देशनको पालना गर्दै खेलकुद क्षेत्रलाई अझै विशिष्टकरण गर्ने जिम्मेवारी बहन गर्न सक्नुपर्छ ।"

एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काले फुटबल विकासका लागि रेफ्रीहरूको उत्पादन आवश्यक रहेको बताउनुभयो । सोही अनुरुप देशका सातवटै प्रदेशमा यस प्रकारको 'फुटबल रेफ्री कोर्स' कार्यक्रमअघि सारिएको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेश फुटबल सङ्घका वरिष्ठ उपाध्यक्ष मिलन गुरुङले रेफ्री प्रशिक्षणले प्रदेशका ११ वटै जिल्लामा फुटबल खेल विकासमा सहयोग पुग्ने बताउनुभयो ।

# मनास्लु हिमालमा हिमपहिरो, बूढीगण्डकी नदी आसपासका क्षेत्रमा उच्चजोखिम

पोखरापत्र संवाददाता
गोरखा, ९ बैशाख


उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१, सामागाउँ पर्ने मनास्लु हिमालमा आज बिहान ठूलो हिमपहिरो खसेको छ । मनास्लु हिमालको काखमा रहेको वीरेन्द्र ताल नजिकै हिमपहिरो खसेको सामागाउँका दिजेन लामाले जानकारी दिनुभो । पहिरो वीरेन्द्र तालमा खसेपछि तालको पानी भरिएर छालसँगै बूढीगण्डकी नदीमा मिसिएको उहाँले बताउनुभयो । "बिहान ९ बजे आसपासमा वीरेन्द्र तालभन्दा माथि ठूलो हिमपहिरो गएको छ", उहाँले भन्नुभयो, "हिमपहिरो वीरेन्द्र तालमा खसेपछि तालको पानी भरिएर बाहिरिएको र बूढीगण्डकी नदीमा भल पुगेको छ, यसले बर्खा बेलामा जस्तै बूढीगण्डकीमा पानीको ठूलो वहाबको जोखिम बढाएको छ ।" उहाँले नदीमा पानीको वहाब बढेकाले बूढीगण्डकी नदीको आसपासमा खतरा हुनसक्ने अवस्था रहेको बताउनुभयो । "सानो खालको हिमपहिरो त अरु समयमा पनि जान्थ्यो", लामाले भन्नुभयो, "तर अहिले निकै ठूलो हिमपहिरो गएको छ ।" जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक(एसपी) वासुदेव पाठकले हिमपहिरो खसेको जानकारी प्राप्त भएलगत्तै प्रहरीको टोली त्यसतर्फ प्रस्थान गरिसकेको जानकारी दिनुभयो । नदीमा आएको पानीको बहावले सामा गाउँमा एउटा काठे पुलमा क्षति पुऱ्याएको जानकारी आएको एसपी पाठकले बताउनुभयो । "प्रहरीको टोली घटनास्थल पुगिसकेको छ, अहिले तत्काल थप क्षति हुने अवस्था देखिएको छैन", उहाँले भन्नुभयो । गोरखाका प्रमुख जिल्ला अधिकारी भोला दाहालले हिमपहिरो खसेपछि बूढीगण्डकी नदीमा पानीको बहाव बढेकाले नदी वरपर नजान र सर्तक रहन सबैलाई आग्रह गरिएको बताउनुभयो । वीरेन्द्र ताल मनास्लु हिमालको फेदीको ठूलो क्षेत्रफलमा अवस्थित छ । यसलाई बूढीगण्डकी नदीको मुहानको रुपमा लिने गरिन्छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# पार्टीलाई निर्णायक शक्ति बनाउने एमालेको अठोट

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ललितपुरमा सम्पन्न महाधिवेशन प्रतिनिधि परिषद्को प्रथम बैठकले आगामी दिनमा पार्टीलाई वैचारिक, सङ्गठनात्मक र भावनात्मक रुपमा अझ एकताबद्ध र सुदृढ बनाउँदै निर्णायक राष्ट्रिय शक्ति निर्माणमा योगदान गर्न कार्यकर्ता पङ्क्तिलाई आह्वान गरेको छ । एमाले दशौं महाधिवेशनपछिको महत्वपूर्ण बैठकले अध्यक्ष केपी शर्मा ओलीले पेश गरेको राजनीतिक, महासचिव शंकर पोखेलले पेश गरेको संगठनात्मक प्रतिवेदन पारित गरेको छ । अनुशासन आयोग, लेखापरीक्षण आयोग, निर्वाचन आयोग र सल्लाहकार समितिका तर्फबाट अध्यक्षहरुले पेश गरेका प्रतिवेदन पनि पारित भएका छन्।प्रतिवेदन विभिन्न छ समूहमा छलफल भएका थिए ।एमाले महाधिवेशन प्रतिनिधि परिषद बैठक तोकिएको समयमै व्यवस्थित रुपमा सम्पन्न गरेर अन्य पार्टीलाई पनि कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।

बैठकले गत फागुन २१ गते नेकपा एमाले,नेकपा माओवादी केन्द्र, रास्वपा, जसपा र नेकपा (एस) का बीचमा बनेको नयाँ समीकरणको निर्माण गर्ने समर्थनदी गर्दै नयाँ सत्ता सहकार्य प्रारम्भ भएकोमा सन्तुष्टि व्यक्त गर्दै यस सहकार्यलाई सफल, परिणाममुखी र दिगो बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । "पाँच दलले जारी गरेको न्यूनतम् नीतिगत प्राथमिकता र साझा सङ्कल्पले आजका मुख्य समस्यालाई संबोधन गर्न र अगाडिका लागि मार्गदर्शन गर्न सक्ने निष्कर्षका साथ यसको पूर्ण, तालिकाबद्ध र प्रभावकारी कार्यान्वयनका लागि आग्रह गरेको छ ।' पारित प्रस्तावमा यस सहकार्यलाई कमजोर गर्ने कुनै पनि काम नगर्न, मुलुकलाई थप अस्थिरता र अन्यौलतर्फ धकेल्ने कामप्रति सजग रहन र राष्ट्रियता, लोकतन्त्र र जनताको हितलाई थप जोखिममा पार्ने काम कतैबाट पनि हुन नदिन सत्ता समीकरणका सबै राजनीतिक दललाई आह्वान गरेको छ ।

पारित प्रस्तावमा केही वर्षयता गहिरिएको आर्थिक मन्दी, भ्रष्टाचार र कुशासन, राज्यसञ्चालनमा व्याप्त बेथिति एवं मूल्यमान्यताहरुको भयावह स्खलनका कारणले समाजमा चौतर्फी निराशा बढेको उल्लेख गर्दै रोजगारीको अभाव र भविष्यप्रतिको अन्यौलले युवाहरुको विदेश गमन बढेकाले यस्तो स्थितिले समृद्ध नेपाल, सुखी नेपालीको हाम्रो राष्ट्रिय आकाङ्क्षाको मार्गमा थप चुनौती पैदा गरेको निचोड निकालिएको छ ।

बैठकले आर्थिक शिथिलता अन्त्य गर्दै अर्थतन्त्रलाई चलायमान गर्न, निजी क्षेत्रले भोग्नु परेका समस्याको तत्काल समाधान गर्दै व्यवसायीमा आत्मविश्वास र भरोसा जागृत गर्न, युवाहरुमा यो देश बन्छ र देश हामीले नै बनाउँछौं भन्ने सकारात्मक उर्जा र मनोबल पैदा गर्न विशेष योजना निर्माण गरी अगाडि बढ्न वर्तमान सरकारलाई आह्वान गरेको छ । नयाँ समिकरणको नेतृत्वकर्ता दल एमालेले भ्रष्टाचार, अनियमितता, तस्करी र अवैध स्रोतको सञ्चयन, सार्वजनिक सम्पत्तिको दोहन तथा राज्यकोषको अपचलनले समग्र राज्यलाई नै सङ्क्रमित तुल्याएको छ । भ्रष्टहरु दण्डित नहुँदा समाजमै प्रदूषण फैलिएको जनाउँदै बैठकले भ्रष्टाचारविरुद्ध सम्झौताहीन ढङ्गले प्रस्तुत हुन, यसका विरुद्ध जेहाद छेड्न र कानुनका नजरमा सबै बराबर छन् भन्ने कुरा व्यवहारबाटै प्रमाणित गर्न सरकारसँग माग गरेको छ। बैठकपछि महासचिव शङ्कर पोखरेलद्वारा जारी विज्ञप्तिमा भ्रष्टाचारविरुद्धको अभियानमा पार्टी विना मोलाहिजा प्रस्तुत हुने प्रतिबद्धता समेत व्यक्त गरिएको छ ।

सहकारी र लघुवित्तका ऋणी समस्यामा परेका र मिटरब्याज पीडितका समस्या पूर्ण रुपले समाधान नभएकाले बैठकले केही सहकारीमा पैदा भएका यस प्रकारका गंभीर समस्या र सर्वसाधारणको रकम अपचलनका गम्भीर अपराधलाई निष्पक्ष छानबिन गरी दोषीलाई कानुनको कठघरामा ल्याउन र बचतकर्ताको रकम सुरक्षित फिर्ता गराउन सरकारसँग माग गरिएको छ । पारित प्रस्तावमा दैनिक उपभोग्य वस्तुको मूल्य अचाक्ली बढेकाले दैनिक ज्यालादारी गरेर खानु पर्ने र न्यून आय भएका सर्वसाधारणको जीवन यसबाट प्रभावित भएको छ जनाउँदै नियोजित ढङ्गले बढाइएको महङ्गी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न, कतिपय वस्तु र सेवामा रहेको एकाधिकार अन्त्य गर्न र सुलभ पसल लगायतका माध्यमबाट सर्वसाधारण नागरिकलाई सहुलियत दरले दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने प्रबन्ध मिलाउन सरकारको ध्यानाकर्षण गरिएको छ । एमालेले पारित प्रस्ताव देशको अवस्थाको चित्रण र भविष्यको बाटो तय हो। कार्यान्वयनका लागि दबाब आबश्य छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीको पन्थोकमा सिँचाइ आयोजना बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

म्याग्दीको मालिका गाउँपालिका-५ पन्थोकमा एक दशकअघि सुरु भएको सिँचाइ आयोजना निर्माणले बल्ल गति लिएको छ ।

सिँचाइ आयोजनाका लागि बजेट विनियोजन नहुँदा र पहिरोका कारण त्यसलाई अघि बढाउन सकिएको थिएन । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन गरेपछि निर्माणले गति लिएको हो । "तत्कालीन जिविसले सुरु गरेको योजनाले निरन्तरता नपाएको र पहिरोले क्षति गरेपछि सात वर्षदेखि अलपत्र थिया । "यसपालि प्रदेश सरकारबाट बजेट विनियोजन भएकाले सिँचाइ योजनालाई पूर्णता दिन लागिपरेका छौँ", स्थानीय अगुवा एवं पूर्ववडासदस्य दिलबहादुर पुनले भन्नुभयो ।

सात वर्षअघि रु १३ लाख खर्चेर जङ्गलेखोलाको मुहाबाट करिब एक किलोमिटर पाइप लाइन बिछ्याइएको थियो । उपभोक्ता समितिकासचिवकेमबहादुरमल्लले मुहानबाट पाँच सय मिटर दुई सय मिलीलिटर क्षमताको पाइपबाट पानी चलाइसकेको र कुनलेखर्कसम्म थप तीन सय मिटर पाइप लाइन जडान भइरहेको जानकारी दिनुभयो । खानेपानी सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालय म्याग्दीका सवइन्जिनीयर अन्जन खत्रीका अनुसार सो योजनाबाट पन्थोकको ५० हेक्टरभन्दा बढी जमिनमा सिँचाइ सुविधा पुग्नेछ । उपभोक्ता समिति र स्थानीयवासी गरी दैनिक १२ देखि २० जनाले श्रमदान गरेर पाइप लाइन खन्ने र जोड्ने काम गरिरहेका छन् । योजनाको शनिबार अनुगमन गर्नुभएका खानेपानी, सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालयका प्रमुख झलकमोहन ओझाले गौराखोलालगायत म्याग्दीका ६० वटा सिँचाइ आयोजना निर्माणाधीन रहेका बताउनुभयो ।

# क्यान्सर पीडितलाई पाँच लाख हस्तान्तरण

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ बैशाख

जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ रानागाउँ निवासी २५ वर्षीय क्यान्सर पीडित लक्ष्नु रानामगरलाई रु पाँच लाख सङ्कलन गरी हस्तान्तरण गरिएको छ । उहाँको उपचारका लागि देशविदेशबाट उक्त रकम सङ्कलन गरिएको हो ।

पीडितको बारेमा जानकारी सिहित सामाजिक सञ्जालमा सहयोगको अपिल गरिएकामा देशविदेशबाट रु पाँच लाख तीन हजार नौ सय सङ्कलन भएको वडा सदस्य कुमार मगरले जानकारी दिनुभयो । उक्त रकम वडा सदस्य मगरले पीडितका बुबा डिलबहादुर रानालाई शनिबार हस्तान्तरण गर्नुभयो । उहाँले भन्नुभयो, "पीडितको उपचारमा सघाउने मनकारी भेटिएका छन् । सहयता रकम सङ्कलनको क्रम जारी छ ।" रोगपीडित रानामगरको हाल भरतपुरस्थित विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचार भइरहेको छ । पीडितलाई सहयोग गर्न चाहनेले निर्मला सारु मगरको नाममा खोलिएको एनएमबी बैंकको खाता नम्बर १९७०१७५४४८९०००१० मा सहयोग रकम दाखिला गर्न वडा सदस्य मगरले अनुरोध गर्नुभएको छ ।

# निसीखोलाका असला माछा सङ्कटमा

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ बैशाख

अवैध रुपमा माछाको चोरी सिकारी बढेपछि निसीखोलाका असला माछा सङ्कटमा परेका छन् ।

करेन्ट लगाउने र विष हालेर माछा मार्ने गैरकानुनी कामका कारण निसीखोलामा माछा कम पाइन थालेको छ । माछा लोप हुनथालेपछि स्थानीयवासीको माछा मार्ने पेसासमेत सङ्कटमा परेको छ । बागलुङको निसीखोला गाउँपालिका-२ देवीस्थान निवासी रामबहादुर पुनले १० वर्ष निसीखोलाका माछा मारेर जीवन गुजारा गर्नुभयो । उहाँले घर नजिकै बग्ने निसीखोलामा माछा मारेर जीवन गुजारा चलाउँदै आउनुभएकोमा अहिले निसीखोलामा माछा उत्पादनमा कमी आएको उहाँ बताउनुहुन्छ।उहाँ पेसा सङ्कटमा परेपछि दुवई जाने तरखरमा हुनुहुन्छ । निसीखोलामा पाइने स्थानीय प्रजातीका असला माछा मार्ने, माछा मार्ने जाल बुनेर बिक्री गर्ने कार्य गर्दै आएकोमा माछा उत्पादनमा कमि आएपछि वैदेशिक रोजगारीमा जान थालेको पुनले बताउनुभयो । "अहिले खोलामा विष हाल्ने काम बन्द भए पनि करेन्ट लगाउँदा यहाँका स्थानीय प्रजातीका असला माछा लोप हुन थालेको पाइयो", पुनले भन्नुभयो, "माछा मारेरै जीविका चलाउने विस्थापित हुँदैछन्, करेन्ट लगाएर माछा मार्दा माछा उत्पादन घट्ने र आगामी दिनमा माछा लोप भएर जाने अवस्था छ ।" दश वर्ष माछा मार्दै आएको आफू जस्ता युवापुस्ता विदेश जानुपर्ने बाध्यता परेको उहाँले सुनाउनुभयो । उहाँका अनुसार अहिले दिनभर खोलामा जाल हान्न गए पनि साँझ रित्तो हात फर्कनुपर्ने अवस्था छ । पुनले रातको समयमा बुर्तिबाङबाट आएर निसीखोलामा करेन्ट लगाएर माछा मार्दा माछाको भ्रुणसमेत मर्ने भएकाले माछा लोप हुने अवस्थामा पुगेको गुनासो गर्नुभयो । जाल थापेर स्थानीयवासीले माछा मार्दै आए पनि टाढा-टाढाबाट रातको समयमा आएर विष र करेन्ट लगाउँदा माछा उत्पादनमा भारी गिरावट आएको निसीखोलाका स्थानीयवासीले गुनासो गर्दै आएका छन् । निसीखोलाको असला माछा निकै स्वादिष्ट हुने भएकाले चोरी सिकारी बढ्न थालेको स्थानीय भरत पुन मगरले बताउनुभयो । निसीखोलाको माछा संरक्षणमा स्थानीय पालिकाले चासो नदिएको उहाँको गुनासो छ ।

"गाउँपालिकाले असला माछा संरक्षणमा जोड दिन आवश्यक रहेको छ, यहाँका स्थानीयवासीले जाल हानेर माछा मारेर जीविकोपार्जन गर्दै आएका छन्, उनीहरुको रोजीरोटी गुम्दै आएको छ", स्थानीय पुनले भन्नुभयो, "गाउँपालिकाले करेन्ट लगाएर माछा मार्ने कार्यलाई पूर्णरुपमा निषेध गर्न जरुरी छ, निसीखोला गाउँपालिकाका असला माछा संरक्षण गरेर यहाँका स्थानीयवासीले पहिचानको रुपमा लिन आवश्यक छ ।" निसीखोलामा अवैध रुपमा माछा मार्ने कार्य नरोकिएको गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले निसीखोलाका माछालाई पहिचानका रुपमा लिन थालेर अनुगमनलाई कडाइ गर्न थालिएको छ । "खोलामा अनुगमन गर्न थालेका छौँ, प्रहरीलाई समेत निगरानी गर्न भनेका छौँ, एक हप्ताअघि करेन्ट लगाएर माछा मार्नेलाई पक्राउ गरेर प्रहरीलाई बुझाएका थियौँ", उपाध्यक्ष मगरले भन्नुभयो, "आगामी दिनमा गाउँपालिकाको योजनामा माछा संरक्षणको नीति तथा कार्यक्रम ल्याउने योजनामा छौँ, स्थानीयवासीको गुनासोसमेत आएकाले अवैध माछा मार्नेलाई कडा कारबाही गर्छौं ।" निसीखोला र तमानखोलामा पछिल्लो समय माछा उत्पादन घट्न थालेको छ । असला माछाका लागि निसीखोला, दरमखोला, तमानखोला र बडिगाड खोला प्रसिद्ध छन् ।

# चितवन माछा, मासु, दूध र अण्डामा आत्मनिर्भर

**रासस**
चितवन, ९ बैशाख

माछा, मासु, दूध र अण्डा उत्पादनमा जिल्ला आत्मनिर्भर भएको छ । यहाँ उत्पादित माछा, मासु, दूध र अण्डा प्रतिव्यक्ति आवश्यकता भन्दा बढी उत्पादन हुने गरेको छ ।

पशुसेवा कार्यालय चितवनका अनुसार दूध प्रतिव्यक्ति न्यूनतम आवश्यकता भन्दा ४५ दशमलब ३३ लिटर बढी उत्पादन हुने गरेको छ । प्रतिव्यक्ति न्यूनतम आवश्यकता अनुसार दूध वार्षिक ९१ लिटर आवश्यक पर्नेमा जिल्लामा एक सय ३६ दशमलब ३३ लिटर उपलब्ध भएको हो । कार्यालयका प्रमुख सुशील केसीका अनुसार मासु ११ दशमलब ५३ किलो, अण्डा चार सय १३ वटा र माछा एक दशमलब ४४ किलो प्रतिव्यक्ति उपलब्ध हुने गरेको छ ।

जिल्लामा उत्पादित यी वस्तु जिल्लाको कूल जनसङ्ख्यालाई आवश्यक पर्ने न्यूनतम आवश्यकता भन्दा बढी उत्पादन हो । प्रतिव्यक्ति वार्षिक मासु १४ किलो, अण्डा ४८ वटा र माछा पाँच किलो न्यूनतम आवश्यक पर्ने उहाँले जानकारी दिनुभयो । अहिले जिल्लामा मासु प्रतिव्यक्ति २५ दशमलब ५३ किलो, अण्डा चार सय ६१ गोटा र माछा छ दशमलब ४४ किलो उपलब्ध छ । यहाँको कृषि क्षेत्रमा लाग्ने किसानले उत्पादन गरेको खाद्य वस्तुलाई व्यवस्थित गर्न सके राष्ट्रिय आवश्यकतालाईसमेत पूर्ति गर्न सहज हुने उहाँले बताउनुभयो । प्रतिव्यक्तिप्रतिवर्षराष्ट्रियउपलब्धता दूध ८५ लिटर, मासु १८ दशमलब एक किलो, अण्डा ५४ वटा, माछा तीन दशमलब तीन किलो रहेको छ । राष्ट्रिय न्यूनतम आवश्यकतालाई आधार मान्ने हो भने यो एकदमै न्यून उपलब्धता हो । जिल्लामा भने न्यूनतम आवश्यकता भन्दाबढी यी खाद्य सामग्री उपलब्ध हुँदै आएको केसीले जानकारी दिनुभयो ।

यहाँ गाईभैंसी, बाखा, कुखुरा, बङ्गुर र माछा पालनलाई किसानले व्यावसायिक रुपमा अघि बढाएका छन् । जसमध्ये गाईफार्म तीन सय ५९ वटा, भैंसी फार्म ५० वटा, बाखा फर्म चार सय ५३ वटा, बङ्गुर फार्म ६० वटा, कुखुरा फार्म एक हजार नौ सय वटा र माछा फर्म पाँच सय सात वटा दर्ता भई सञ्चालनमा छन् । त्यसैगरी कुखुरा ह्यापरी ९५ वटा दर्ता भई ५२ वटा मात्रै सञ्चालनमा छन् । आर्थिक वर्ष विसं २०७९/८० को तथ्याङ्क अनुसार जिल्लामा दूध ९८ हजार एक सय ८३ मेट्रिकटन, मासु एक लाख ८३ हजार ८१ मेट्रिकटन, माछा ४६ हजार ३८ मेट्रिकटन र अण्डा ३३ करोड २४ लाख ६१ हजार दुई सय १२ वटा उत्पादन भएको थियो ।

# जङ्गलमा डढेलो लागेपछि गाउँ पसे जनावर

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ बैशाख

म्याग्दीका ७५ भन्दा बढी सामुदायिक वनमा डढेलो लागेपछि बासस्थान र आहाराको अभावका कारण वन्यजन्तुले बस्ती पसेर किसानले लगाएको बाली नष्ट गरेका छन् ।

जिल्लाको मालिका र मङ्गला गाउँपालिकाका विभिन्न ठाउँमा डढेलो लागेपछि वन्यजन्तु बासस्थान र आहाराको खोजीमा गाउँ पसेका स्थानीयले बताएका छन् । "खेतबारीमा लगाएको बाली र तरकारीखेती बँदेल र बाँदरले नष्ट गरे, हुँदाहुँदा अब त घरभित्र नै पसेर हैरान पार्न थालेका छन्", मङ्गला-५ का किसान टीकानाथ कँडेलले भन्नुभयो ।

कँडेलका अनुसार बँदेल, दुम्सी र बाँदर गाउँमा मात्रै होइन घरभित्र नै छिर्न थालेका छन् । मालिकाको वडा नं ६ उपल्लो दुखु, वडा नं १ निस्कोट र वडा नं २ रुममा पनि वन्यजन्तुका कारण गाउँलेले सास्ती व्होर्नु परिरहेको छ । मालिका-६ उपल्लो दुखुकी डिलकुमारी रोका भन्नुहुन्छ, "यो बालीनाली यिनलाई नै लगाइदिएजस्तै भयो ।"

खेतबारीको बालीनाली खाएर नपुगेर बाँदरले घरभित्र राखेको भकारी तथा भान्छामा पकाएको खानेकुरासमेत खाइदिन थालेको उहाँले बताउनुभयो । खेतबारीमा बाँदर र बँदेलले तथा घरआँगनमा बाँदरले दुःख दिएर बालीनाली नोक्सान पारेका किसान बताउँछन् । दिनदिनैजसो वन्यजन्तुले बालीनाली सखाप पार्न थालेपछि पश्चिम म्याग्दीका किसानको हैरानी बढेको छ । वन्यजन्तुले बस्ती/बस्ती पसेर बालीनाली नोक्सान पारेपछि सर्वसाधारणको हैरानी बढेको हो ।

वनक्षेत्र नजिकका बस्तीमा निकै दुःख दिने बाँदर जङ्गलमा डढेलो लागेपछि बैँसीका बस्तीमा समेत पसेर दुःख दिन थालेका मङ्गला-५ छिस्वाङका निकेश पुनले बताउनुभयो । दिनभरि झाडीमा लुकेर बस्ने बँदेलले राति परेपछि बालीनाली नोक्सान गर्ने गरेको उहाँको भनाइ छ । बँदेलले रातिमात्र बाली नोक्सान गर्छ । ठूलै समूहमा देखिने बाँदरले भने बस्तीबाट अलि टाढाको खेतका बाली दिउँसै पनि खाएर, माडेर नोक्सान गर्ने गरेका उहाँ बताउनुहुन्छ । जिल्लाको पश्चिमतर्फका बस्तीमा बँदेल आतङ्क बढ्दै गएको किसान बताउँछन् । बँदेलले कैयन बच्चा यतै हुर्काइसकेका मालिका-१ का किसान टेकबहादुर विकले बताउनुभयो । दुम्सी आफ्नो बस्तीमा छ्यासछ्यास्ती देखिने गरेका उहाँको भनाइ छ । बँदेल जिल्लाका तल्ला बस्तीसम्म देखिए पनि बालीनालीमा उपद्रो मच्चाउने बाँदर भने वन क्षेत्र वरिपरिका बस्तीबाट तल झर्दैनन् ।

डढेलो लागेपछि वन क्षेत्रमा खानेकुराको अभाव हुनु, बासस्थान नासिनु र सिकारीको चहलपहल बढ्न थालेपछि जङ्गली बँदेल र अन्य जन्तु आहाराको खोजीमा बस्ती/बस्ती पसेका स्थानीय किसानले बताएका छन् ।

# एमाले अध्यक्ष ओली अस्वस्थ्य

**रासस**
काठमाडौं, ९ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली अस्वस्थ्य हुनुभएको छ। अस्वस्थ्य भएपछि उहाँ अहिले घरमै आराम गरिरहनुभएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार अध्यक्ष ओलीलाई रुघाखोकी, टाउको दुख्ने जस्ता समस्या देखिएकोले घरमा आराम गरिरहनु भएको छ । अध्यक्ष ओली अस्वस्थ्य भएपछि ललितपुर, गोदावरीमा जारी सो पार्टीको राष्ट्रिय महाधिवेशन प्रतिनिधिपरिषद्बैठकको अध्यक्षता वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले गर्नुभएको प्रमुख गौतमले जानकारी दिनुभयो ।


# निवृत्तिभरण अधिकार पत्र हराएको सूचना

**मिति २०८० चैत १० गते चापापानीबाट महेन्द्रपुल आउने क्रममा प्रेम बहादुर कार्कीको निवृत्तिभरण अधिकार पत्र हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नाम : प्रेम बहादुर कार्की**

**ठेगानाः पोखरा-१२, कास्की**

**निवृत्तिभरण अधिकार पत्र क्रम संख्याः २२१९२**

**सम्पर्क नं: ९८४६१३९८०९**

# ढोरपाटन सिकार आरक्ष आसपासमा तीस घरबास सञ्चालन गरिने

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ बैशाख

पर्यटन प्रवर्द्धनका लागि बागलुङका दुई पालिकामा तीस घरबास (होमस्टे) सञ्चालन गरिने भएको छ। नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन आसपासमा घरबास सञ्चालन गरिने भएको हो।

दिगो पर्यटन प्रर्वद्धन परियोजना अन्तरगत टेरिडेज होम जर्मनको आर्थिक विकास तथा वातावरण मन्त्रालयको सहयोग तथा (बिवाइसी) बागलुङको साझेदारीमा घरबास सञ्चालन गर्न थालेको कार्यक्रम संयोजक उत्तम अर्यालले बताउनुभयो।

युवा उद्यमशीलता वृद्धि गर्न, महिलालाई आत्मनिर्भर बनाउन र व्यवस्थित रुपमा व्यावसायिक घरबास सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले यो अभियान थालिएको उहाँको भनाइ छ। पहिलो चरणमा ढोरपाटन उपत्यका क्षेत्रमा सञ्चालित पाँच घरबास सञ्चालकलाई रु दुई लाख ८० हजार बराबरको सामग्री वितरण गरेको अर्यालले बताउनुभयो। ढोरपाटन नगरपालिकामा २० र निसीखोला गाउँपालिकामा १० घरबास व्यवस्थित रुपमा सञ्चालनमा ल्याउने तयारी रहेको संयोजक अर्यालको भनाइ छ। हाल सञ्चालनमा रहेका घरबासलाई व्यवस्थित गराउने र युवालाई प्रत्यक्ष रोजगारीसँग जोड्ने कामको सुरुवात गरेको अर्याल बताउनुहुन्छ। घरबासमा आवश्यक पर्ने लत्ताकपडादेखि विस्तारा, कुर्सी, टेबल, ग्यास सेटलगायत विभिन्न ४० प्रकारका सामग्री हस्तान्तरण गरिएको छ। सञ्चालकलाईविभिन्नतालिममार्फत घरबास विषयमा विज्ञ बनाउने र दिगो रुपमा अगाडि बढ्ने गरी कार्यक्रम तय गरिएको उहाँ बताउनुहुन्छ। यस वर्षको पुस १५ गतेसम्म १७ र त्यसपछि १३ घरबास सञ्चालनमा ल्याइने अर्यालले जानकारी दिनुभयो। पहिलो चरणमा रु ८५ लाख लगानी लगानी गर्न थालेको उहाँको भनाइ छ।

"घरबास सञ्चालन गर्न रुचि राख्ने युवा, उद्यमी र महिलालाई हामीहरुले सहयोग गर्छौं, वडा कार्यालयले सिफारिस गरेका व्यक्ति हुनुपर्ने छ, एउटा घरबासका लागि रु दुई लाख ८० हजारसम्म सहयोग हुन्छ, अहिले तत्काल सञ्चालन हुँदै आएको ढोरपाटनका पाँच घरबास सञ्चालकलाई सहयोग गरेका छौं", कार्यक्रम संयोजक अर्यालले भन्नुभयो, "अब छिट्टै अन्य उद्यमीलाई पनि हुन्छ, खास गरि 'इको टुरिज्जम'का लागि यो कार्यक्रम गर्न थालेका हौं।"

युवालाई गाउँमै रोजगारीको सिर्जना गराइ व्यावसायिक बनाउन एक सय ५० जनाका लागि फरकफरक कार्यक्रम सञ्चालनसमेत गरिने भएको छ। युवालाई होटल म्यानेजमेन्ट, टुरिस्ट गाइड, बेकरी कफी बनाउने लगायतका तालिमका माध्यमबाट सीप सिकाइ आयआर्जनसँग जोडिने छ। ढोरपाटनका कार्यबाहक नगर प्रमुख धनबहादुर कायतले यस क्षेत्रको पर्यटन प्रवर्द्धन, स्वरोजगार सिर्जना र घरबास सञ्चालन व्यवस्थापनमार्फत पर्यटन प्रवर्द्धन हुनुका साथै धेरै युवाले रोजगार बढाउने बताउनुभयो। ढोरपाटन र निसीखोलामा थुप्रै सम्भावना हुँदाहुँदै पनि पछाडि परेको भन्दै अब विभिन्न सङ्घ संस्थासँग सहकार्य गरेर विकासको गति बढाउने उहाँको भनाइ छ।

# कृस्ती पोखरा सम्पर्क समाजको अध्यक्षमा सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

कृस्ती पोखरा सम्पर्क समाजको आठौं साधारण सभा तथा छैटौं अधिवेशनले उमानाथ सुवेदीको अध्यक्षतामा १२ सदस्यीय कार्यसमिति चयन गरेको छ।

समाजको उपाध्यक्षमा कुल्दीप आचार्य, सचिवमा हरिशंकर भण्डारी, कोषाध्यक्षमा कृष्ण बहादुर थापा,, सहसचिवमा भरत थापा, सदस्यहरुमा बाबुराम थापा, सृजना सुवेदी, विष्णु वराल, दुर्गादेवि सुवेदी, राममाया कार्की, भिमा सुवेदी सिग्देल र शिवकुमारी तिवारी सुवेदी चयन भएका छन्। कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार वन तथा वातावरण मन्त्रालयका सह-सचिव अजय कार्कीले कार्यक्रमको उद्घाटन गर्दै समाजले एकअर्कामा आपसी सहयोग आदान प्रदानमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका खेलेको हुन्छ भन्दै समाजका हरेक गतिविधिहरु निरन्तर संचालनको शुभकामना व्यक्त गरेका थिए। सो अवसरमा पोखरा महानगरपालिका वडा नं. २१ का वडाअध्यक्ष दिपक प्रसाद सुवेदी, कृस्ती पोखरा वचत तथा ऋण सहकारीका अध्यक्ष हस्तबहादुर थापा, समाजका संस्थापक अध्यक्ष श्रीबहादुर रानाभाट, सल्लाहकार झपिन्द्रराज रेग्मी, निवर्तमान अध्यक्ष पदम बहादुर थापा क्षेत्री, पोखरा महानगरपालिका सार्वजनिक लेखा समिति सभापति झपट बहादुर रानाभाटलगाएतले



वोलेका थिए। समाजकी अध्यक्ष मीना रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष उमानाथ सुवेदीले र संचालन सचिव पवित्रमणि भण्डारीले गरेका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ४ सिद्धार्थ चोकमा स्लाब निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सिद्धार्थ चोक स्लाब निर्माण
सार्वजनिक सम्पत्तीको मर्मत तथा सम्भार)
ठेगानाः पोखरा-४, सिद्धार्थ चोक
योजना सम्झौता मितिः २०८०/१०/११ गते
योजना शुरु मितिः २०८०/१०/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ११,४४,७३२।०६
महानगरपालिका वडा नं. ४ बाट : रु. ९,७०,०००/-
उपभोक्ता समितिबाट श्रमदानः रु.१,७४,६३२।०६
अध्यक्षः झम्कनाथ आचार्य सम्पर्क नं.: ९८४६३२०५३०

**सिद्धार्थ मार्ग टोल बिकास संस्था**
**पोखरा-8, सिद्धाथ चोक**


# घरबासमार्फत ग्रामीण पर्यटन प्रवर्द्धन

**रामबहादुर थापा**
बागलुङ, ९ बैशाख/ रासस

घरबास (हामस्टे)मार्फत ग्रामिण पर्यटन प्रवर्द्धनका लागि गण्डकी प्रदेश सरकारले 'एक निर्वाचन क्षेत्र, एक नमुना घरबास' कार्यक्रम सञ्चालनमा ल्याएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार पहिलो चरणमा उक्त कार्यक्रमका लागि १७ वटा सामुदायिक घरबास छनोटमा परेका छन्।

प्रदेशभित्रका ६५ सामुदायिक घरबासले प्रस्ताव पेस गरेकामा मापदण्डअनुसार छानिएका १७ वटाले अनुदान पाएको पर्यटन शाखा प्रमुख डम्मर जिसीले जानकारी दिनुभयो। उहाँका अनुसार दोस्रो चरणमा थप २१ वटा घरबासले अनुदानका लागि प्रस्ताव राखेकामा तिनको अनुगमन र छनोटको प्रकृयामा अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ।

"पहिलो चरणमा छनोट भएका सामुदायिक घरबासले रु १२ लाखका दरले अनुदान पाएका छन्", शाखा प्रमुख जिसीले भन्नुभयो, "घरबासको अवस्था र कार्ययोजना हेरेर एउटा घरबासले रु १५ लाखसम्म अनुदान पाउन सक्ने कार्यविधिमा व्यवस्था छ।"

कुल ३६ प्रदेश निर्वाचन क्षेत्रमध्ये १७ वटामा उक्त कार्यक्रम कार्यान्वयनमा गइसकेको उहाँले बताउनुभयो। बाँकी निर्वाचन क्षेत्रका घरबास दोस्रो चरणमा छानिने उहाँको भनाइ छ। "घरबासको स्थलगत अनगुमन र प्रस्ताव अध्ययनको काम भइसकेको छ, अब मन्त्रालयबाट स्वीकृत हुन मात्र बाँकी छ", शाखा प्रमुख जिसीले भन्नुभयो।

यस वर्षदेखि घरबासलाई दिइने अनुदानमा मन्त्रालयले कडाइ गरेको उहाँले बताउनुभयो। यसअघि हचुवाका भरमा अनुदान वितरण गर्दा बजेट दुरुपयोग भएको आरोप मन्त्रालयमाथि लागेको थियो।

प्रतिस्पर्धाका आधारमा एक प्रदेश निर्वाचन क्षेत्रमा एउटा मात्र घरबास छनोट गरिएको मन्त्रालयका सूचना अधिकारी बिमलप्रसाद गौतमले बताउनुभयो। स्थलगत अनुगमन क्रममा मापदण्ड पूरा गरेर सञ्चालन भइरहेका घरबासलाई मात्र कार्यक्रममा समेटिएको उहाँको भनाइ छ।

"स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र मौलिक संस्कृतिको जगेर्नामा केन्द्रित भएका घरबासले अनुदान पाउँछन्", उहाँले भन्नुभयो। अनुदान रकमबाट घरबास सञ्चालकले ग्रामीण पर्यटन प्रवर्द्धनसँग सम्बन्धित पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, कोसेली घर, पुस्तकालय, सांस्कृतिक सङ्ग्रहालय, उद्यान, पदमार्गलगायत पूर्वाधारमा खर्च पाउने मन्त्रालयले जनाएको छ।

घरबासको आफ्नै नाममा जग्गा भए मात्र सामुदायिक भवनका लागि अनुदान दिने नयाँ नियम बनाइएको छ। अनुदानको बजेटबाट निजी जग्गामा भने पूर्वाधार निर्माण गर्न नपाइने सूचना अधिकारी गौतमले बताउनुभयो। अघिल्ला वर्षमा घरबासको अनुदान रकमबाट निजी घरमा शौचालय, सौर्य ऊर्जालगायत थपेपछि आलोचना भएको थियो।

प्रदेश सरकारबाट हालसम्म तीन सय २४ वटा सामुदायिक घरबासले अनुदान पाएको मन्त्रालयको तथ्याङ्क छ। आव २०७५/०७६ मा रु ३० करोड बजेट घरबास अनुदानमा बाँडिएको थियो। उक्त अनुदान रकम व्यापक दुरुपयोग भएको जनगुनासो बढेपछि पछिल्लो समय मन्त्रालयले घरबासको बजेटलाई कटौती र नियन्त्रण गरेको हो। प्रदेश सरकारले सामुदायिक घरबास प्रवर्द्धनलाई गौरवको आयोजनाका रुपमा राखेको सूचना अधिकारी गौतमले बताउनुभयो। नमुना घरबास कार्यक्रममार्फत ग्रामिण पर्यटन विकासको ध्येय राखेर सरकारले सामुदायिक घरबासलाई अनुदान दिन थालेको हो। ग्रामीण परिवेश, पारिवारिक वातावरण, खानामा स्थानीय परिकार, मौलिक संस्कृति, रहनसहन र पर्यटकीय गन्तव्यस्थलको घुमफिरआदि घरबासका आकर्षण हुन्। गण्डकी प्रदेश घरबास व्यवसाय फस्टाएको क्षेत्र हो। नेपालकै पहिलो स्याङ्जाको सिरुबारी घरबास पनि यहीं पर्छ।

लमजुङको घलेगाउँ, काउलेपानी, कास्कीको घान्द्रुक, ल्वाङ, पर्वतको चित्रे, बागलुङको भकुण्डे, नवलपुरको अमलटारीलगायत घरबास चर्चित छन्। पर्यटकले गाउँले जनजीवन, सत्कार, खानपान, घुमफिर तथा संस्कृतिको आनन्द बटुल्न घरबासलाई रोज्ने गर्छन्।

पर्यटकीय याममा घरबासमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो नै लाग्ने गर्छ। घरबास कार्यक्रमले आन्तरिक पर्यटन प्रवर्द्धनमा मद्दत पुगेको कास्कीको माछापुछ्रे गाउँपालिका-८ स्थित ल्वाङ सामुदायिक घरबास व्यवस्थापन समितिका अध्यक्ष मञ्जु गुरुङले बताउनुभयो।


## सर्टिफिकेट हराएको सूचना

**मिति २०८०/१२/१५ गते स्याङ्जाबाट पोखरा तर्फ जाँदा मेरो निम्न व्यहोराको** Nepal Pharmacy Council **द्वारा ३१-१०-२०१४ मा जारी रजिष्ट्रेशन प्रमाण पत्र र रातो झोला हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालय स्याङ्जामा बुझाईदिनुहुन् अनुरोध छ।**

**नामः ऋचा श्रेष्ठ**
Registration No: A-4008
**ठेगानाः पुतजीबजार नपा-४, स्याङ्जा**
**सम्पर्क नं.: ९८२१३२८८४०**

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१०

कम्पनी ऐन २०६३ बमोजिम दर्ता नं. १७०२००/०७३/०७४ मा स्थापना भएको साविक आकाश डिजिटल पेमेन्ट प्रा.लि. रहेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/२४ को प.सं. ८०/८१ च.नं. ५९७३१ को पत्रबाट स्वीकृत प्रदान भए अनुसार साविकमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व समेत सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन भई आकाश डिजिटल प्रा.लि. कायम भएको हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**Province Government**
**Ministry of Agriculture and Land Management**
**Directorate of Livestock and Fisheries Development**
**Gandaki Province, Pokhara, Kaski**

## Invitation for E-Bid

Date of Publication: 2081-01-10 B.S. (22th April, 2024 A.D.)

1. Directorate of Livestock and Fisheries Development, Gandaki Province, Pokhara, Kaski invites electronic bid from duly registered eligible bidders for the contracts given below.

| S. N. | Contract No. | Name of the Project | Minimum Bid Security Amount (NRs) and its validity period | Non-Refundable fee for Bidding Document (NRs) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | DLFD/ Gandaki /Goods/3/ 2080-081 | SUPPLY AND DELIVERY OF FMD and ANTI-RABIES VACCINES | NRs. 2,59,460.00 (valid up to 120 days from the date of bid opening) | NRs.3,000.00 | 90 days |
| 2 | DLFD/ Gandaki /Goods/4/ 2080-081 | SUPPLY AND DELIVERY OF LUMPY SKIN DISEASE VACCINES | NRs. 1,09,900.00 (valid up to 120 days from the date of bid opening) | NRs.3,000.00 | 90 days |

- Date, time and place for Pre-bid meeting: 2081-01-31 B.S. (13st May, 2024 A.D.)/ 14:00 Hours/ DLFD, Pokhara, Kaski
- Last date and time for bid submission: 2081-02-09 B.S. (22th May, 2024 A.D.)/ 12:00 Hours
- Date, time and place for bid opening: 2081-02-09 B.S. (22th May, 2024 A.D.) / 14:00 Hours/ DLFD, Pokhara, Kaski

2. For Purchasing Bid Document: – Name of Office: Directorate of Livestock and Fisheries Development, Gandaki Province, Pokhara, Kaski, Name of Bank: Rastriya Banijya Bank, Prithvi Chowk, Pokhara, Office Code No.: 3120239014, Revenue Account no.: 1000100200010000, Revenue Shirshak no.:14229
3. To deposit security in Cash: – Name of Bank: Rastriya Banijya Bank, Prithvi Chowk, Pokhara, Account Name: Pradesh Lekha Niyantrak Karyalaya, Gandaki Province, Pokhara, Account no: 3020100202030000.
4. For detail information, please inspect the bidding documents at Directorate of Livestock and Fisheries Development, Gandaki Province, Pokhara, Kaski or through website: www.bolpatra.gov.np/egp

**Office Chief**